# सामाजिक सेवा एकाइ कार्यक्रम सञ्चालन मार्गदर्शन
## आ.व. २०८२/०८३

### १. पृष्ठभूमि

नेपालको संविधान धारा ३५मा प्रत्येक नागिरकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनी स्वास्थ्य सेवालाई नेपाली नागरिकको मौलिक हकअन्तर्गत राखिएको छ। सरकारले संविधानको भावना समेतलाई दृष्टिगत गरी निःशुल्क राष्ट्रिय स्वास्थ्य सेवा कार्यक्रम लागू गरेकोछ। सो कार्यक्रम अन्तर्गत २०६५ माघ देखि २५ शैयासम्मका अस्पतालहरुमा आम नागरिकलाई सूचीकृत अत्यावश्यक औषधि निःशुल्क रुपमा प्रदान गर्न सुरु गरेको थियो। साथै लक्षित समूहका बिरामीहरुलाई अत्यावश्यक साथै अन्तरङ्ग,बहिरङ्ग र आकस्मिक स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने व्यवस्था गरिएको छ। संघीय तथा प्रादेशिक स्तरका अस्पतालहरुमा मन्त्रालयले सशर्त र निःशुल्क औषधिका लागि(Conditional and Medicine Grants) अनुदान रकम उपलब्ध गराई सो रकमबाट लक्षित समूहका बिरामीहरुलाई निःशुल्क वा आंशिक छुटमा स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्ने प्रावधान अनुसार अस्पतालहरुले सेवा उपलब्ध गराउँदै आएका छन्। देशभरका विभिन्न अस्पतालहरुमा लक्षित समूहका बिरामीहरुलाई उपलब्ध गराउँदै आएको निःशुल्क तथा सहुलियत स्वास्थ्य सेवालाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउने उद्देश्यले यो सेवा आ.व २०८२/८३ मा ९५ वटा अस्पतालहरूमा संचालन भैरहेको छ। संचालनमा रहेका सबै सामाजिक सेवा एकाइको सेवा प्रवाहमा एकरूपता कायम गर्ने उद्देश्यले मन्त्रालयले यो मार्गदर्शन तयार गरेको छ।

### २. उद्देश्य

आर्थिक अभावका कारण कुनै पनि नागरिकले स्वास्थ्य सेवाको पहुँचबाट बञ्चित हुन नपरोस् भन्ने नेपाल सरकारको निति अनुरुप सामाजिक सेवा एकाइको मुख्य उद्देश्य लक्षित समूहका बिरामीहरुलाई अस्पतालहरुमा उपलब्ध सेवा आंशिक छुट वा निशुल्क रुपमा उपलब्ध गराई लक्षित समुहमैत्री सेवा प्रवाह गर्न आवश्यक सहजीकरण गर्नु रहेको छ।

सामाजिक सेवा एकाइका उद्देश्यहरु निम्नानुसार रहेका छन्:

- लक्षित समूहका बिरामीहरुको स्वास्थ्य सेवामा समतामूलक पहुँच एवम् उपयोगवृद्धि गर्ने।
- लक्षित समूहसम्म निःशुल्क तथा आंशिक छुटमा विशेषज्ञ सेवाहरु उपलब्ध गराउने।
- स्वास्थ्य सम्बन्धी सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमहरू स्वास्थ्य बिमा, जेरियाट्रिक स्वास्थ्य सेवा, आकस्मिक स्वास्थ्य सेवा, विपन्न नागरिक औषधि उपचार कार्यक्रम

लगायतका सामाजिक सुरक्षा कार्यक्रमहरु एकीकृत रूपमा लक्षित समूहको बिरामीहरूलाई उपलब्ध गराउन संयोजन एवम् सहजीकरण गर्ने।

- व्यवस्थित, पारदर्शी र प्रभावकारीरुपले लक्षित समूहले स्वास्थ्य सेवा लिन सक्ने वातावरण तयार गर्दै स्वास्थ्य सेवा प्रवाह गर्ने।
- आधारभूत स्वास्थ्य सेवाबाट कोही पनि नछुटुन् भन्ने मान्यता पूरा गर्ने।

**आ.व.२०८२/८३ मा सामाजिक सेवा एकाइ कार्यक्रम सञ्चालन हुने अस्पतालहरु**

| कोशी प्रदेश |
|---|
| १.वी पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, सुनसरी |
| २.पाँचथर अस्पताल, पाँचथर |
| ३.कोशी अस्पताल, मोरङ |
| ४.उदयपुर अस्पताल, उदयपुर |
| ५.इलाम अस्पताल, ईलाम |
| ६.मेची अस्पताल, भद्रपुर |
| ७.ताप्लेजुङ्ग अस्पताल, ताप्लेजुङ्ग |
| ८.संखुवासभाअस्पताल, संखुवासभा |
| ९.इनरूवा अस्पताल, ताप्लेजुङ्ग |
| १०.रूम्जाटार अस्पताल, ओखल्ढुङ्गा |
| ११.फाप्लु अस्पताल, सोलुखुम्बु |
| १२.धनकुटा अस्पताल, धनकुटा |
| १३.तेह्रथुम अस्पताल, तेह्रथुम |
| १४.भोजपुर अस्पताल, भोजपुर |
| १५.खोटाङ्ग अस्पताल, खोटाङ्ग |
| **मधेश प्रदेश** |
| १६.जनकपुर प्रादेशिक अस्पताल, धनुषा |
| १७.नारायणी अस्पताल, विरगंज |
| १८.गौर अस्पताल, रौटहट |
| १९.गजेन्द्र नारायण अस्पताल, ससरी |
| २०.कलैंया अस्पताल, बारा |
| २१.महोत्तरी अस्पताल, महोत्तरी |
| २२.सिराहा अस्पताल, सिराहा |
| २३.सर्लाहीअस्पताल, सर्लाही |

डिल्लीराम शर्मा
सचिव

| |
|---|
| २४.बर्दिवास अस्पताल, महोत्तरी<br>२५.राम उमास्मारक अस्पताल, लहान |
| **बाग्मती प्रदेश** |
| २६.चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान,वीर अस्पताल, काठमाडौं<br>२७.कान्ती बाल अस्पताल,काठमाडौं<br>२८.परोपकार स्त्री तथा प्रसुति रोग अस्पताल, काठमाडौं<br>२९.राष्ट्रिय ट्रमा सेन्टर, काठमाडौं<br>३०.पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर<br>३१.शहिद शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, काठमाडौं<br>३२.मानसिक अस्पताल, ललितपुर<br>३३.भरतपुर अस्पताल, चितवन<br>३४.बकुलहर रत्ननगर अस्पताल, चितवन<br>३५.हेटौडा अस्पताल,मकवानपुर<br>३६.त्रिशुली अस्पताल, नुवाकोट<br>३७.सिन्धुली अस्पताल, सिन्धुली<br>३८.धादिङ अस्पताल, धादिङ<br>३९.चौतारा अस्पताल, सिन्धुपाल्चोक<br>४०.ठोकर्पा अधारभूत अस्पताल, सिन्धुपलान्चोक<br>४१.चरिकोट अस्पताल, दोलखा<br>४२.रामेछाप अस्पताल, रामेछाप<br>४३.धुलिखेल सामुदायिक अस्पताल, काभ्रे<br>४४.किर्तिपुर वर्न सेन्टर, किर्तिपुर<br>४५.भक्तपुर अस्पताल, भक्तपुर<br>४६.रसुवा अस्पताल, रसुवा |
| **गण्डकी प्रदेश** |
| ४७.पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, कास्की<br>४८.धौलागिरी अस्पताल, बाग्लुगं<br>४९.गोरखा अस्पताल, गोरखा<br>५०.दमौली अस्पताल, तनहुँ<br>५१.पर्वत अस्पताल, पर्वत<br>५२. स्याङ्गजाअस्पताल, स्याङ्गजा<br>५३.म्याग्दी अस्पताल,म्याग्दी |

डिल्लीराम शर्मा
सचिव

| |
|---|
| ५४.मनाङ्ग अस्पताल, मनाङ्ग |
| ५५.मुस्ताङ्ग अस्पताल, मुस्ताङ्ग |
| ५६.लम्जुङ्ग अस्पताल, लम्जुङ्ग |
| ५७.मध्यदिन्दू अस्पताल, नवलपरासी पूर्व |
| **लुम्बिनी प्रदेश** |
| ५८.राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान अस्पताल, दाङ |
| ५९.राप्ती प्रादेशिक अस्पताल, दाङ्ग |
| ६०.भेरी अस्पताल, बांके |
| ६१.लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल |
| ६२.गुलेरिया अस्पताल, बर्दिया |
| ६३.तम्घास अस्पताल, गुल्मी |
| ६४.पृथ्वीचन्द्र अस्पताल, नवलपरासी |
| ६५.प्युठान अस्पताल, प्युठान |
| ६६.रोल्पा अस्पताल, रोल्पा |
| ६७.रूकुमपूर्व अस्पताल, रूकुम |
| ६८.पाल्पा अस्पताल, पाल्पा |
| ६९.शन्धिखर्क अस्पताल, अर्घाखाँची |
| ७०.कपिलबस्तु अस्पताल, कपिलबस्तु |
| ७१.भीम अस्पताल, रुपन्देही |
| ७२. भालुवाङ अस्पताल, दाङ |
| ७३. रामपुर अस्पताल, पाल्पा |
| **कर्णाली प्रदेश** |
| ७४.कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला |
| ७५.दैलेख अस्पताल, दैलेख |
| ७६.जाजरकोट अस्पताल, जाजरकोट |
| ७७.रूकुम अस्पताल, रूकुम |
| ७८.प्रादेशिक अस्पताल,सुर्खेत |
| ७९.कालिकोट अस्पताल, कालिकोट |
| ८०.हुम्ला अस्पताल, हुम्ला |
| ८१.मुगु अस्पताल, मुगु |
| ८२.डोल्पा अस्पताल, डोल्पा |
| ८३.सल्यान अस्पताल, सल्यान |

डिल्लीराम शर्मा
सचिव

| |
|---|
| ८४.मेहलकुना अस्पताल, सुर्खेत |
| **सुदुरपश्चिम प्रदेश** |
| ८५.डडेलधुरा अस्पताल, डडेलधुरा<br>८६.सेती अस्पताल, धनगढी<br>८७.महाकाली प्रादेशिक अस्पताल, कञ्चनपुर<br>८८.दार्चुला अस्पताल, दार्चुला<br>८९.बैतडी अस्पताल, बैतडी<br>९०.मंगलसेन अस्पताल, अछाम<br>९१.बझाङ्ग अस्पताल, बझाङ्ग<br>९२.बाजुरा अस्पताल, बाजुरा<br>९३.डोटी अस्पताल डोटी<br>९४.टिकापुर अस्पताल, कैलाली<br>९५.गेटा अस्पताल |

### ३. सामाजिक सेवा एकाइ संचालन संयन्त्र

सामाजिक सेवा एकाइ सञ्चालनका लागि सामाजिक सेवा एकाइ स्थापना तथा सञ्चालन निर्देशिका, २०७८(परिमार्जन, २०७९) बमोजिम निम्नानुसारको संस्थागत व्यवस्था गरिएको छः

### ३.१ सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समिति

स्वास्थ्य सुरक्षाका कार्यक्रमलाई सामाजिक सेवा एकाइ मार्फत तोकिएका लक्षित समूहका बिरामीहरूलाई निःशुल्क वा आंशिक सहुलियतमा स्वास्थ्य सेवा उपलब्ध गराउन आवश्यक व्यवस्थापन गर्न र एकाइले निर्णय लिन नसकेका विषयमा निर्णय गर्न अस्पताल प्रमुखको संयोजकत्वमा नर्सिङप्रमुख, आकस्मिक विभाग प्रमुख, मेडिकल विभाग प्रमुख, लेखा प्रमुख, प्रशासन, स्वास्थ्य बिमा सम्पर्क व्यक्ति (जिल्लास्थित स्वास्थ्य बिमा कार्यालय प्रमुख),स्वास्थ्य कार्यलय प्रमुख र सामाजिक सेवा एकाइ प्रमुख रहेको सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समिति गठन गर्नुपर्नेछ।

### ३.२ सञ्चालन प्रकृया

३.२.१. अस्पतालमा बिरामीको चापको आधारमा कम्तिमा २ देखि ६ जनासम्म महिला र पुरुष सहजकर्ता रहनेछन्। सामाजिक सेवा एकाइद्वारा सहजीकरण, सेवा प्रवर्द्धन र अभिलेखन कार्यमा सहयोग पुऱ्याउन सार्वजनिक खरिद ऐन, २०६३ अनुसार अस्पताल आफैले सेवा करार गरी आवश्यक सहजकर्ताको छनौट गर्नु पर्नेछ। यसरी छनौट भएका सहजकर्तालाई सामाजिक सेवा

एकाइ (स्थापना तथा सञ्चालन)निर्देशिका, २०७९ को दफा १७ वमोजिम कार्यविवरण तयार गरी प्रदान गर्नु पर्नेछ।

३.२.२ यस अघि अस्पताल आफैले वा संस्थामार्फत् सेवा करार गरेका सहजकर्ताको कार्यसम्पादन संतोषजनक लागेमा सार्वजनिक खरिद ऐन अनुसार ती सहजकर्ताहरुको सेवा करारलाई निरन्तरता दिन सकिनेछ।

३.२.३ सामाजिक सेवा एकाइ कार्यक्रम सञ्चालनका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट सशर्त अनुदानस्वरुप निर्देशिका बमोजिम सामाजिक सेवा एकाइ, एकद्वार संकट व्यवस्थापन केन्द्र र जेरियाट्रिक वार्ड सञ्चालन कार्यक्रममा विनियोजित बजेटबाट कम्तीमा ५० प्रतिशतसम्म रकम छुट्याउनु पर्नेछ।

३.२.४ सामाजिक सेवा एकाइको लक्षित समूहभित्र ज्येष्ठ नागरिक पनि पर्ने भएकोले जेरियाट्रिक वार्ड सञ्चालन भएको अवस्थामा सम्बन्धित अस्पताल व्यवस्थापनले सो वार्ड तथा सामाजिक सेवा एकाइ सञ्चालनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त रकमलाई एउटै बास्केटमा राखी लक्षित समूहका बिरामीहरुको उपचार खर्च व्यवस्थापन गर्न सक्नेछ।

३.२.५ सामाजिक सेवा एकाइ स्थापना तथा सञ्चालन निर्देशिका, २०७८ (परिमार्जन, २०७९) बमोजिम लक्षित समूहका बिरामीहरुलाई अस्पतालबाट निःशुल्क वा सहुलियत रुपमा उपलब्ध गराउनु पर्ने सेवाहरु बन्दाबन्दी तथा महामारी वा अन्य विपद/प्रकोपको समयमा पनि अस्पतालले नियमित रुपमा उपलब्ध गराउनु पर्नेछ।

३.२.६ सेवा व्यवस्थापनमा सहजता ल्याउन एवम् दोहोरोपना हटाउन स्वास्थ्य बिमा, विपन्न नागरिक औषधोपचार, आकस्मिक स्वास्थ्य, निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमहरुलाई एकद्वारबाट संयोजन तथा सहजीकरण गर्ने जिम्मेवारी सामाजिक सेवा एकाइ भएको हुनाले अस्पताल व्यवस्थापनले उक्त जिम्मेवारी एकाइ प्रमुखलाई लिखित रुपमा दिनु पर्नेछ।

३.२.७ यस मार्गदर्शनमा उल्लेख गरिएका प्रावधान एवम् शर्तहरुले "सामाजिक सेवा एकाइ स्थापना तथा सञ्चालन निर्देशिका, २०७८ (परिमार्जन, २०७९)" बमोजिम रहेकोले अन्य विषयहरूमा सोही निर्देशिका बमोजिम परिपालना गर्नु पर्नेछ।

## ४. लक्षित समूह

सामाजिक सेवा एकाइले निःशुल्क वा सहुलियत रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउने लक्षित समूह निम्नानुसार रहेका छन्:

- गरिब
- असहाय
- अपाङ्गता भएका व्यक्ति
- ज्येष्ठ नागरिक

दिलीराम शर्मा
सचिव

- लैङ्गिक हिंसा पीडित
- महिला स्वास्थ्य स्वयसेविका
- प्राकृतिक प्रकोप (भुकम्प, बाढी, पहिरो, आगलागी आदि)
- सहिद परिवार
- द्वन्द्व पीडित
- प्रहरीले ल्याएको थुनुवा
- दुर्घटनामा परेको बिरामी (अभिभावक नभएको)
- सीमान्तकृत तथा लोपोन्मुख आदिवासी, जनजाति
- अन्य अस्पताललेे स्थानीयताको आधारमा लक्षित समूह निर्धारण गर्न सक्नेछन्।

लक्षित समूहका बिरामीहरुलाई आर्थिक अवस्थाको मूल्याङ्कन एवम् परिचयपत्रका आधारमा अस्पतालमा उपलब्ध सेवाहरुमा छुट प्रदान गर्नुपर्नेछ। तर एकद्वार संकट व्यवस्थापन केन्द्र सञ्चालन नभएका अस्पतालको हकमा लैङ्गिक हिंसा पीडित व्यक्तिका हकमा भने सम्बन्धित अस्पतालमा उपलब्ध हुने सबै स्वास्थ्य सेवाहरु निःशुल्क रुपमा पाउने व्यवस्था मिलाउनु पर्नेछ। लक्षित समूह पहिचान गर्ने आधार र उनीहरुले पाउने सहुलियतका बारेमा "सामाजिक सेवा एकाइ स्थापना तथा सञ्चालन निर्देशिका,२०७८ (परिमार्जन, २०७९)मा उल्लेख गरिएको छ।

## ५. प्रमुख क्रियाकलापहरु

सामाजिक सेवा एकाइबाट सञ्चालन हुने देहाय वमोजिमका क्रियाकलापहरुको सम्बन्धमा आर्थिक वर्षको प्रारम्भमा सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समितिबाट निर्णय गराई बजेट खर्च गर्नु पर्नेछ।

**५.१ एकाइका कर्मचारी तथा सहजकर्ताले पाउने सुविधाः** सामाजिक सेवा एकाइमा सेवा करारमा कार्यरत सहजकर्तालाई दिईने पारिश्रमिक मासिक पच्चीस हजार रुपैयाँ (रु.२५०००मात्र) मा नबढाई छुट्याउनु पर्नेछ। सामाजिक सेवा एकाइ कार्यक्रमको लागि छनौट गरिएका सहजकर्ताहरुलाई सामाजिक सेवा एकाइ बाहेक अन्यत्र सेवामा खटाईएको अवस्थामा यस कार्यक्रमबाट पारिश्रमिक उपलब्ध गराउन बाध्य हुनेछैन। सहजकर्ताको कार्यसम्पादनका आधारमा अस्पतालले आफ्नो आन्तरिक स्रोतबाट थप सुविधा उपलब्ध गराउन सक्नेछ।

**५.२ अतिरिक्त सुविधाः** सामाजिक सेवा एकाइका प्रमुखलाई सार्वजनिक विदाका दिन पनि आवश्यकताका आधारमा सेवा प्रवाहका लागि खटिनुपर्ने भएमा एक दिनको रू ५०० (पाँच सय रुपैया) मा नबढ्ने गरी अतिरिक्त सुविधा पाउन सक्नेछन्। यस्तो सुविधा प्राप्त गर्न सामाजिक

दिलीराम शर्मा
सचिव

स्वास्थ्य सुरक्षा व्यवस्थापन समितिबाट निर्णय गराउनु पर्नेछ। सार्वजनिक बिदाका दिन सेवा गरे बापतको सुबिधा भुक्तानीका लागि ई- हाजिरी अनिवार्य रुपमा संलग्न गरेको हुनु पर्नेछ।

**५.३ कार्यालय सामग्रीः** स्टेश्नरी, फारम छपाई, अभिलेखका लागि रजिष्टर छपाई, सहजकर्तालाई ड्रेस (एप्रोन- निलो रंगको), आदि।

**५.४ प्रचार-प्रसारः** सामाजिक सेवा एकाइ सञ्चालन सम्बन्धी जानकारीमूलक सामग्री, उत्पादन र प्रचार-प्रसारका लागि खर्च गर्न सकिनेछ।

**५.५ क्षमता विकासः** सामाजिक सेवा एकाइ संचालन सम्बन्धी अभिमुखीकरण, एकाइमा कार्यरत नयाँ सहजकर्ताहरुको अभिमुखीकरण/क्षमता विकास तालिम, अनलाईन रेकर्डिङ्ग तथा रिपोर्टिङ्ग व्यवस्थापनमा यस शीर्षकबाट खर्च गर्न सकिनेछ।

**५.६. सामाजिक सेवा एकाइबाट सेवा लिने व्यक्तिहरूको नामावलीः** सामाजिक सेवा एकाइले प्रत्येक दिन अर्थात् २४ घन्टामा सेवा दिएका विरामीहरूको नाम र सेवाको प्रकार खुल्ने गरी निःशुल्क वा छूट सुविधा सहितको प्रगति डिजीटल डिस्प्ले/सबैले देख्ने गरी सूचना पाटीमा अनिवार्य रुपमा प्रकाशन गर्नु पर्नेछ।

**५.७. कार्यक्रमको समीक्षा तथा बैठकः** सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समिति र सामाजिक सेवा एकाइको नियमित बैठक तथा समीक्षा गर्नु पर्नेछ। समिति तथा एकाइको बैठक तथा समिक्षा कार्यक्रममा खाजा खर्च मात्र गर्न सकिनेछ।

**५.८. लक्षित वर्गका लागि औषधी, खाना, यातायत, कुरुवा खर्चः** लक्षित वर्गका बिरामीका लागि औषधी एवम् रेफरल यातायात खर्च र अति गरिब बिरामीको खाना तथा बेवारिसे, असहाय, असक्त एवम् अपाङ्गता भएका बिमारीहरूको लागि कुरुवा खर्च समेत (आवश्यकता र औचित्यका आधारमा) व्यवस्थापन गर्न सकिनेछ।

**६.प्रगति समीक्षा तथा प्रतिवेदन**

सामाजिक सेवा एकाइबाट निःशुल्क वा आंशिक छुटमा सेवा लिएका बिरामीहरुको अभिलेख "सामाजिक सेवा एकाइ स्थापना तथा सञ्चालन निर्देशिका, २०७८ (परिमार्जन, २०७९)" को अनुसूचीमा दिइएको ढाँचामा अद्यावधिक गरी प्रत्येक दिन अनलाइन प्रणाली मार्फत् प्रविष्ट गर्नु पर्नेछ। सामाजिक सेवा एकाइको जिम्मेवारी प्राप्त व्यक्तिले युजर आइ. डी. र पासवर्ड गोप्य रूपमा व्यवस्थित गर्नु पर्नेछ। यदि आफू अनुपस्थिति भएमा अस्पतालले जिम्मेवारी तोकिएको कसैलाई युजर आइ. डी. र पासवर्ड दिनु परेमा गोप्यता र गाम्भीर्यता जानकारी गराई सतर्क गराएर मात्र दिन सकिनेछ।

**७. कार्यक्रम सञ्चालन खर्च**

सामाजिक सेवा एकाइ सञ्चालनका लागि विनियोजित बजेटलाई नेपाल सरकारको कार्य सञ्चालन निर्देशिका अनुसार विस्तृत विवरण तयार गरी सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समितिको

दिल्लीराम शर्मा
सचिव

बैठकबाट बाँडफाँड स्वीकृत गराउनु पर्दछ। यदि कुनै शीर्षक अन्तर्गतको रकम खर्च हुन नसकेमा दोस्रो चौमासिक भित्र सामाजिक स्वास्थ्य सुरक्षा व्यवस्थापन समितिको निर्णयानुसार उल्लेखित शीर्षकहरु मध्येबाट लक्षित वर्गका लागि औषधी, रेफरल खर्च, शीर्षकमा रकमान्तर गरी खर्च गर्न सकिनेछ। चालु आ.व. को अन्त्यमा एकाइको आम्दानी र खर्चको विवरण एकाइ व्यवस्थापन समितिबाट अनुमोदन गराई स्थानीय सञ्चारमाध्यमबाट सार्वजनिक गर्नु पर्नेछ। सबै स्वास्थ्य संस्थाहरूले स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका समूहलाई सामाजिक सेवा एकाइ वा यस्तै प्रकारको कुनै विशेष व्यवस्था गरी लक्षित समूहका बिरामीहरुलाई निःशुल्क वा केही सहुलियतपूर्ण सुविधा मार्फत् अस्पतालहरुले सामाजिक दायित्वको रुपमा भूमिका निर्वाह गर्नु पर्नेछ।

**८. कार्यक्रम संचालनमा बाहेक अन्यत्र खर्च गर्न नहुने**

सामाजिक सेवा एकाइ संचालन खर्चबाट माथि तोकिए बाहेक अन्य कुनै प्रयोजनमा वा अस्पतालमा कर्मचारी करारमा राखी पारिश्रमिक वा अन्य तोकिए विपरीतको कार्यमा खर्च गर्न पाइने छैन। यस शीर्षक अन्तर्गत विनियोजित बजेटबाट खर्च गर्दा नेपाल सरकारका सामाजिक सुरक्षा लगाय अन्य सहुलियतका कार्यक्रमसँग दोहोरो नहुने गरी खर्च गर्नु पर्नेछ। यस मार्गदर्शन वमोजिम रकम खर्च गरेको नपाइएमा मन्त्रालयले आगामी आर्थिक वर्षको बजेटमा कटौती गर्न सक्नेछ। कार्यक्रम संचालन खर्चको आर्थिक तथा सामाजिक लेखापरिक्षण अनिवार्य रुपमा गराउनुपर्नेछ ।

**९. लैङ्गिक हिसा पीडित/प्रभावित सम्बन्धमा**

सामाजिक सेवा एकाइको लक्षित वर्ग अन्तर्गतको लैङ्गिक हिसाबाट पीडित/प्रभावितहरुको स्वास्थ्य सेवा सम्बन्धमा अस्पतालभित्रै एकद्वार संकट व्यवस्थापन केन्द्र संचालनमा भए सोहीबाट सम्पूर्ण स्वास्थ्योपचार निःशुल्क र सरल रूपमा सेवा प्रवाहका लागि सहयोग र समन्वय गर्ने, तर अस्पतालमा एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना नभएमा सामाजिक सेवा एकाइबाटै स्वास्थ्य उपचार सेवा निःशुल्क प्रदान गर्नुका साथै नजिकको एकद्वार संकट व्यवस्थापन केन्द्र संचालन अस्पतालमा स्वास्थ्य चेकजाँचको रिफरल फाईल सहित यातायात खर्च व्यवस्थापन गरी प्रेषण गर्नु पर्नेछ।

दिलीराम शर्मा
सचिव